# भाग ५

नेपाल सरकार

## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सूचना

नेपाल सरकारले  बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ३२ को उपदफा (१) बमोजिम केन्द्रीय बालकल्याण समितिको रिक्त अध्यक्ष पदमा पुर्कोट -५, तनहुँ निवासी श्री बबिना श्रेष्ठलाई मनोनयन गरेकोले यो सूचना प्रकाशन गरिएको    छ ।

**आज्ञाले,**
**खगराज बराल**
**नेपाल सरकारको सचिव**

**नेपाल सरकार**

## ऊर्जा मन्त्रालयको सूचना

**नेपाल सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ र नलसिङ गाड जलविद्युत आयोजना विकास समिति (गठन)  आदेश, २०६९ बमोजिमका विकास समितिहरु विघटन गर्ने, बुढी गण्डकी जलविद्युत आयोजना र नलसिङ गाड जलविद्युत आयोजना निर्माण एवं सञ्चालन विद्युत उत्पादन कम्पनी लिमिटेडले आफै वा सहायक कम्पनीको माध्यमबाट गर्ने, विघटित समितिसँग लिएका सबै काम विद्युत उत्पादन कम्पनी मार्फत सञ्चालन गर्ने तथा नेपाल सरकारमा आएको उक्त आयोजनाहरुको सम्पूर्ण हक, जायजात र दायित्वको जिम्मेबारी समेत सोही कम्पनीलाई दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।**

**आज्ञाले,**
**अनुप कुमार उपाध्याय**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।